# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०८।०६ गते।

## प्रेस विज्ञप्ति

विषयः प्रतिवादी भुपराज अधिकारी समेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दर्ता भएको गैर कानूनी लाभ वा हानि पुर्याउने बदनियतले काम गरी भ्रष्टाचार गरेको भन्ने प्रतिवादीहरू भुपराज अधिकारी समेत भएको मुद्दामा आ.व २०७५।०७६ मा प्राप्त विशेष अनुदान रकमबाट अदुवा खेति कार्यक्रम संचालन गर्न अदुवा बीउ गानोको दररेट निर्धारण समितिको रु.१५५/- प्रति किलोग्राममा अदुवाको बीउको दररेट तय गर्ने गरी गरेको सिफारीसमा मनासिव कारण विना नै अस्वभाविक रुपमा रु.१०/- थप गरी प्रति किलोग्राम रु.१६५/-दररेट कायम गरी १,३०,००० किलोग्राम अदुवाको बीउको खरिद कार्य गरी नगरपालिकालाई रु.१३,००,०००/- थप व्ययभार पारी आपुर्तिकर्ता स्पुक ट्रेडर्स प्रा.लि. तिनकुने, काठमाण्डौलाई गैर कानूनी लाभ र गल्याङ नगरपालिकालाई गैर कानूनी हानी पुऱ्याउने कार्य गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (घ) बमोजिमको कसुरमा प्रतिवादी भुपराज अधिकारीलाई रु.१३,००,०००/- (अक्षरेपी तेह्र लाख) बिगो कायम गरी ऐ.ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो वमोजिम जरीवाना गरी विगो असूल उपर हुन,

प्रतिवादीहरू जिल्ला स्याङ्जा,गल्याङ नगरपालिकाका तत्कालीन नगर प्रमुख भुपराज अधिकारी, ऐ.का तत्कालीन प्रमुख प्रशासकीय अधिकृत ईश्वरी प्रसाद पाण्डे, तत्कालीन बालिविकास अधिकृत अरविन्द मणि त्रिपाठी, तत्कालीन लेखापाल राजेन्द्र रेग्मी र तत्कालीन खरिदार सन्तोष कोइराला समेतले प्राविधिक स्पेसिफिकेशन वमोजिम दुरुस्त नभएको, गुणस्तर परीक्षण नै नगरी गुणस्तरहिन अदुवाको बीउ गानो खरिद गरी पटक पटक गरी जम्मा रु.२,१४,५०,०००/- भुक्तानी दिएको, उक्त भुक्तानी दिएको रकम रु.२,१४,५०,०००/- मा अग्रीम आय कर कट्टी भएको रकम रु.३,७९,५०१/- घटाई हुन आउने रकम रु.२,१०,७०,४९९/ मा नगरप्रमुखलाई मात्र कायम गरिएको विगो रु.१३,००,०००/ घटाउँदा हुन आउने रकम रु.१,९७,७०,४९९/- (अक्षरेपी एक करोड सन्तानव्वे लाख सत्तरी हजार चार सय उनान्सय रुपैयाँ मात्र) आपुर्तिकर्ता स्पुक ट्रेडर्स प्रा.लि., तिनकुने, काठमाण्डौलाई गैर कानूनी लाभ र गल्याङ नगरपालिकालाई गैर कानूनी हानी पुऱ्याउने वदनियतसाथ भुक्तानि गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ञ) बमोजिमको कसुरमा रु.१,९७,७०,४९९/- (अक्षरेपी एक करोड सन्तानव्वे लाख सत्तरी हजार चार सय उनान्सय रुपैयाँ मात्र) बिगो कायम गरी ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो वमोजिम जरीवाना हुन साथै ऐ.ऐनको दफा ८ को उपदफा (१) बमोजिम निज प्रतिवादीहरु भुपराज अधिकारी, ईश्वरी प्रसाद पाण्डे, अरविन्द मणि त्रिपाठी, राजेन्द्र रेग्मी र सन्तोष कोइरालाबाट विगो रु.१,९७,७०,४९९/- (अक्षरेपी एक करोड सन्तानव्वे लाख सत्तरी हजार चार सय उनान्सय रुपैयाँ मात्र) असूल उपर हुन,

मागदावी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले निम्न आधारमा मिति २०८०।११।२२ को फैसलाबाट सफाई दिएको-:

- वादीले अदुवाको गुणस्तर (Seed standard) उल्लेख गर्न सकेको नदेखिएको,
- वादीले अदुवाको निरीक्षण वा परीक्षण गरेको पनि नदेखिएको,

- कपुरकोट-१ अदुवा नेपाल सरकारको सूचीकृत जातको अदुवा रहेको देखिएको तथा अदुवाको बीउको खरिद मूल्य स्वीकृत मूल्य भन्दा बढी रहेको दावी पनि गर्न नसकेको,
- फलफूल तथा तरकारी बजार समितिबाट अदुवाको खायन मूल्यको तथ्याङ्कलाई सो मा बीउ अर्थात गायन मूल्यकोलागि रू.१०।-थप गरेको लाई अन्यथा भन्न सकिने नदेखिएको अबस्था हुँदा आरोपदावी पुष्टि हुन नसकेको।

विशेष अदालतको उपरोक्त फैसलाउपर आयोगलाई चित्त नबुझी देहायबमोजिमका आधार लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१।०८।०६ मा पुनरावेदन गरिएको छः-

**देहायः**

- प्रस्तुत मुद्दामा जिल्ला स्याङ्जा, गल्याङ नगरपालिकाको अदुवा बीउ गानो (Rhizome) खरिद सम्बन्धी सिलबन्दी बोलपत्र सम्वन्धी कागजातमा संलग्न गरिएको स्पेशिफिकेशनमा तथा अन्य व्यहोरा प्रष्ट रुपमा पढी सहिछाप गरि पेश गर्नुपर्ने भनि उल्लेख भएकोमा अदुवा बीउ गानो आपुर्ति गर्दा आपुर्तिकर्ता स्पुक ट्रेडर्स प्रा.लि.ले उल्लेखित प्रमाण कागजातहरु पेश गरेको देखिदैन भने खरिदकर्ता गल्याङ नगरपलिकाले पनि उक्त स्पेशिफिकेशन अनुसारको अदुवा बीउ गानो आपुर्ति भएको हो होईन, रोग लागेको छ छैन< भन्ने स्पेशिफिकेशनमा उल्लेखित शर्तहरुको पालना नगरी अदुवा बीउ गानो परीक्षणनै नगरी आपूर्तिकर्तालाई वोलपत्रको शर्त विपरीत रकम भुक्तानी गरी प्रतिवादीहरुले गैरकानूनी लाभ वा हानि पुऱ्याउने बदनियतले भ्रष्टाचारजन्य कार्य गरेको प्रष्ट छ। अदुवाको बिउ खरिद भई कृषकहरुलाई वितरण भई सकेको अबस्थामा परीक्षण गर्ने भन्ने प्रश्नै आउँदैन। गुणस्तर परीक्षण गर्नुपर्ने दायित्व प्रतिवादिको नै हुनेमा बादी पक्षले अदुवाको गुणस्तर (Seed standard) उल्लेख गर्न सकेको नदेखिएको, वादीले अदुवाको निरीक्षण वा परीक्षण गरेको पनि नदेखिएको भनि मुद्दाको असान्दर्भिक तथ्यलाई आधार लिई प्रतिवादीहरुलाई सफाई दिने गरी विशेष अदालतबाट भएको फैसलामा गम्भिर त्रुटि रहेको।
- विभिन्न मितिमा अदुवाको बीउ खरिद र स्टोर दाखिला गरि भुक्तानि दिएको, नगर प्रमुख भुपराज अधिकारीले कार्यक्षेत्र बाहिर गई भेरिएसन स्वीकृत गरी १०,००० किलोग्राम अदुवाको खदिरको निर्णय गरेको र गुणस्तर परीक्षण बिना नै खरिद सम्झौता विपरित भुक्तानी लिने/दिने यी प्रतिवादीहरुले बदनियतपूर्वक कार्य गरी गल्याङ नगरपालिकालाई हानि र आपुर्तिकर्ता स्पुक ट्रेडर्स प्रा.लि. लाई गैरकानूनी लाभ पुऱ्याएको तथा सार्वजनिक कोषको समेत मितव्ययी प्रयोग नगरेको तथ्य मिसिल संलग्न प्रमाणहरुबाट देखिएकले सो विवेचना नगरी प्रतिवादीहरुलाई सफाई दिई भएको फैसला त्रुटिपूर्ण भै बदरभागी रहेको।
- अर्थ मन्त्रालयबाट प्राप्त रु. २,७४,८०,०००/- (अक्षरेपी दुई करोड चौहत्तर लाख असी हजार रुपैया मात्र) को विशेष अनुदान रकमबाट अदुवाको बीउ खरिद गर्ने निर्णय भएको देखिन्छ। कालिमाटी तरकारी तथा फलफुल विकास समितिको दरलाई आधार मानि प्रमुख प्रशासकीय अधिकृतबाट प्रति किलोग्राम रु. १५५/- राखी निर्णयको लागि नगर प्रमुख समक्ष सिफारिस गरेकोमा नगर प्रमुखले प्रति किलोग्राम रु.१०/- थप गरी प्रति किलोग्राम रु.१६५/- दररेट तोकी बोलपत्र आव्हान गर्ने निर्णय गरेको र मिति २०७५।१२।१८ मा Bidding Document को Delivery and Price schedule मा उल्लेखित परिमाण १,२०,००० किलोग्राम हुनु पर्ने भनि संशोधन गरिएकोमा उपयुक्त आधार कारण

विना बोलपत्रमा संसोधन समेत गरेको देखिन्छ। बोलपत्र पेश गर्ने अवधि भित्र स्पुक ट्रेडर्स प्रा.लि.को एकमात्र बोलपत्र परेको, बोलपत्रको मुल्याङ्कन पश्चात प्रति के.जी. रु.१६५/- का दरले १,२०,००० के.जी. अदुवाको बीउ गानो खरिद गर्न नगर प्रमुखबाट मिति २०७५।१२।२६ मा बोलपत्र स्वीकृत भएकोमा प्रति किलोग्राम रु.१०।-थप गर्ने गरी वोलपत्र आव्हान गर्ने तथा Bidding Document को Delivery and Price schedule मा उल्लेखित परिमाण १,२०,००० किलोग्राम हुनु पर्ने भनि संशोधन गर्ने गरी गरेको कार्यमा बदनियत रहेको प्रष्ट छ। यसै गरी नगर प्रमुख भुपराज अधिकारीबाट भेरिएसन स्वीकृत भै मिति २०७६।०१।२६ मा स्पुक ट्रेडर्स प्रा.लि.ले १०,००० किलोग्राम अदुवाको बीउको भुक्तानिको लागि निवेदन दिएको, मिति २०७६।०३।१२ मा उक्त अदुवाको बीउ स्टोर दाखिला गरि स्पुक ट्रेडर्स प्रा.लि.लाई रु.१६,५०,०००/- रकम भुक्तानी भएको अबस्था समेतबाट यी प्रतिवादीहरुका वीच मिलेमतोमा सार्वजनिक खरिद ऐन नियमको विपरीत कार्य गरी गैरकानूनी लाभ वा हानि पुऱ्याउने कार्य गरेकोले भ्रष्टाचार जन्य कसूर भएको प्रष्ट भई रहेकोमा मिसिल संलग्न तथ्य प्रमाणहरुको न्यायोचित मूल्याङ्कन नगरी भएको फैसला त्रुटिपूर्ण रहेकोले बदरभागी रहेको।

- नगर प्रमुखबाट विना आधार आफ्नो अधिकार क्षेत्र भन्दा बाहिर गई प्रति किलोग्राम रू १५५/- सिफारिस भएकोमा प्रति किलोग्राम रु.१०/- थप गरी रू. १६५/- प्रति किलोग्राम दररेट तोकी बोलपत्र आव्हान गर्ने गरी भएको निर्णयबाट कुल १,३०,००० किलोग्राम अदुवाको बीउ खरिद गर्दा नेपाल सरकारको अनुदान प्राप्त भएको गल्याङ नगरपालिकाको रकममा रु. १३,००,०००/- थप व्ययभार पर्न गएको देखिदा निज प्रतिवादी नगर प्रमुख भुपराज अधिकारीले बदनियतपूर्वक दररेट निर्धारण समितिको सिफारीस बेवास्ता गरी आफु स्वयंले मात्र मनोमानी ढंगले मूल्य थप गरी नगरपालिकालाई हानि नोक्सानि र स्पुक ट्रेडर्स प्रा.लि.समेतलाई गैरकानूनी लाभ पुऱ्याउने कार्य गरेको प्रष्ट छ।
- अदुवाको वीउ खरिद गर्ने क्रममा खायन अदुवा खरिद गर्न लागेको नभई गानो अदुवा नै खरिद गर्ने भनी खरिद प्रकृया अगाडि बढेको, गानो अदुवाको दररेट प्रतिकिलो रु.१५५।-कायम गरी दररेट समितिले दररेट कायम गरिरहेको अबस्थामा प्रतिवादीले खायन र गायन अदुवा भनी तथ्यको भ्रममा पारी अस्वभाविक दररेट कायम गरी रकम बढाई सम्झौता गरिएको कार्यलाई यी प्रतिवादीले वैधता दिन खोजेको प्रष्ट देखिन्छ। यसरी विभिन्न बहानामा सरकारी सम्पत्ति हानि नोक्सानी गर्ने बदनियतले अदुवाको वीउ खरिद गर्ने कार्य गरेको स्पष्ट हुँदाहुँदै मिसिल संलग्न तथ्यगत प्रमाणहरुलाई अनदेखा गरी नगर प्रमुख भुपराज अधिकारी समेतलाई आरोपित कसूरबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भै बदरभागी रहेको ।
- गल्याङ नगरपलिकाको अदुवा बीउ गानो (Rhizome) खरिद सम्वन्धी शिलबन्दी बोलपत्र आह्वानको मिति २०७५/११/२५ को सूचनामा स्वीकृत स्पेशिफिकेशन बमोजिमको अदुवा बीउ गानो खरिद गर्नुपर्ने र सो सूचनाको बुँदा नं. ८ मा बोलपत्र सम्वन्धी कागजातमा संलग्न गरिएको स्पेशिफिकेशन तथा अन्य व्यहोरा प्रष्ट रुपमा पढी सहिछाप गरि पेश गर्नुपर्ने भनि उल्लेख भएको र अदुवा बीउ गानो आपुर्ति गर्दा आपुर्तिकर्ता स्पुक ट्रेडर्स प्रा.लि. ले उल्लिखित प्रमाण कागजातहरु पेश गरेको देखिदैन भने खरिदकर्ता गल्याङ नगरपलिकाले पनि उक्त स्पेशिफिकेशन अनुसारको अदुवा बीउ गानो आपुर्ति भएको हो होईन, रोग लागेको छ छैन भन्ने स्पेशिफिकेशनमा उल्लेखित शर्तहरु बमोजिमको परिक्षणनै नगरी

निम्नानुसारको स्थिती र अवस्थामा आपूर्ति भएको अदुवा बीउ गानोलाई भुक्तानी दिएको देखिदा आपुर्तिकर्ता स्पुक ट्रेडर्स प्रा.लि. र खरिदकर्ता गल्याङ नगरपलिकाको अध्यक्ष एवं कर्मचारीहरुले बदनियतपूर्बक कार्य गरेको भन्ने निम्न विवरणहरुबाट समेत निर्विवाद रुपमा पुष्टि भईरहेको।

गुणस्तरहिन तथा स्पेशिफिकेशन अनुसार नभएको अदुवा बीउ गानो आपुर्ति गरी स्पुक ट्रेडर्स प्रा.लि. तथा सो प्रा.लि.का अख्तियार प्राप्त प्रतिनिधि शिव प्रसाद न्यौपानेले भुक्तानी लिई गल्याङ नगरपालिकालाई हानी पुऱ्याउने बदनियतले काम गरेको देखिन्छ भने गुणस्तरहिन तथा स्पेशिफिकेशन अनुसार नभएको अदुवा बीउ गानोको लागि भुक्तानी प्रकृयाको निर्णयमा संलग्न रहेका खरिदार सन्तोष कोइराला, लेखापाल राजेन्द्र रेग्मी, बालिविकास अधिकृत अरविन्द मणि त्रिपाठी, प्रमुख प्रशासकीय अधिकृत ईश्वरी प्रसाद पाण्डे र नगर प्रमुख भुपराज अधिकारी समेतको मिलेमतो र संलग्नतामा गल्याङ नगरपालिकाबाट स्पुक ट्रेडर्स प्रा.लि. लाई भुक्तानि भएको रकम गैरकानूनी लाभ वा हानि पुऱ्याउने बदनियतले काम गरी भ्रष्टाचार गरेको स्पष्ट हुँदाहुदै मिसिल संलग्न तथ्य प्रमाणहरुको मूल्याङ्कन नगरी विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण देखिंदा बदरभागी रहेको।

प्रवक्ता<br>नरहरि घिमिरे

<u>**देहाय**</u>

| सि.न | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **भुपराज अधिकारी समेत** (वि.अ. को( मुद्दा नं. ०७९-CR-००८२ वि.अ. को फैसला मिति २०८०।११।२२ आयोगको न.नं.५७५ निर्णय मितिः-२०८१।७।२७ | गैर कानूनी लाभ वा हानि पुर्याउने बदनियत ले काम गरी भ्रष्टाचार गरेको। | जिल्ला स्याङ्जा गल्याङ नगरपालिकाका नगर प्रमुख भुपराज अधिकारी र प्रमुख प्रशासकीय अधिकृत ईश्वरी प्रसाद पाण्डेले आर्थिक प्रशासन नियमावली विपरित नगरपालिकाले लेखा अधिकृत हुँदाहुँदै सहायकबाट चेक काट्ने गरेको, अदुवाको बीउ खरिद तथा वितरणमा अनियमिता गरेको, नगर प्रमुख हुनु पुर्व आफु चढ्ने गाडी नगरपालिकालाई दिई रकम हिनामिना गरेको भन्ने समेत व्यहोराको उजुरी परी अनसुन्धानबाट अर्थ अर्थ मन्त्रालयको मिति २०७५।११।०७ को निर्णयानुसार आ.व २०७५।०७६ मा जिल्ला स्याङ्जा, गल्याङ नगरपालिकालाई रु. २,७४,८०,०००/- (अक्षरेपी दुई करोड चौहत्तर लाख असी हजार रुपैया मात्र) विशेष अनुदान प्राप्त भएकोमा सो अनुदान रकमबाट अदुवा खेति कार्यक्रम संचालन गर्न रु. २ करोड रकम बराबरको अदुवाको बीउ खरिद गर्ने नगर प्रमुखबाट मिति २०७५।११।१९ मा निर्णय भई आ.व. २०७५।०७६ मा खरिद भएको अदुवाको बीउको गानो खरिद गर्न अदुवा बीउ गानोको दररेट निर्धारण गर्ने क्रममा जिल्ला स्याङ्जा,गल्याङ नगरपालिकाका तत्कालीन नगर | **१. फैसलाः**<br>विशेष अदालतबाट सम्पुर्ण प्रतिवादीहरु भुपराज अधिकारी, ईश्वरी प्रसाद पाण्डे, अरविन्द मणि त्रिपाठी, राजेन्द्र रेग्मी, सन्तोष कोइराला, स्पुक ट्रेडर्स प्रा.लि., तिनकुने, काठमाण्डौ र उक्त प्रा.लि.का अख्तियार प्राप्त प्रतिनिधि शिव प्रसाद न्यौपानेलाई आरोपित कसूरवाट सफाई पाउने ठहर गरी फैसला भएको<br>**२. विशेष अदालतले फैसला गर्दा लिएका मूल बुदा एवं आधारहरु :**<br>क) वादीले अदुवाको गुणस्तर (Seed standard) उल्लेख गर्न सकेको नदेखिएको,<br>ख) वादीले अदुवाको निरीक्षण वा परीक्षण गरेको पनि नदेखिएको,<br>ग) कपुरकोट-१ अदुवा नेपाल सरकारको सूचीकृत जातको अदुवा रहेको देखिएको तथा अदुवाको बीउको खरिद मूल्य स्वीकृत मूल्य भन्दा बढी रहेको दावी पनि गर्न नसकेको,<br>घ) फलफूल तथा तरकारी बजार समितिबाट अदुवाको खायन मूल्यको तथ्याङ्कलाई सो मा बीउ अर्थात गायन | क) प्रस्तुत मुद्दामा जिल्ला, स्याङ्जा गल्याङ नगरपालिकाको अदुवा बीउ गानो (Rhizome) खरिद सम्बन्धी सिलबन्दी बोलपत्र सम्वन्धी कागजातमा संलग्न गरिएको स्पेशिफिकेशनमा तथा अन्य व्यहोरा प्रष्ट रुपमा पढी सहिछाप गरि पेश गर्नुपर्ने भनि उल्लेख भएकोमा अदुवा बीउ गानो आपुर्ति गर्दा आपुर्तिकर्ता स्पुक ट्रेडर्स प्रा.लि.ले उल्लेखित प्रमाण कागजातहरु पेश गरेको देखिदैन भने खरिदकर्ता गल्याङ नगरपलिकाले पनि उक्त स्पेशिफिकेशन अनुसारको अदुवा बीउ गानो आपुर्ति भएको हो होईन, रोग लागेको छ छैन८ भन्ने स्पेशिफिकेशनमा उल्लेखित शर्तहरुको पालना नगरी अदुवा बीउ गानो परीक्षणनै नगरी आपूर्तिकर्तालाई वोलपत्रको शर्त विपरीत रकम भुक्तानी गरी प्रतिवादीहरुले गैरकानूनी लाभ वा हानि पुऱ्याउने बदनियतले भ्रष्टाचारजन्य कार्य गरेको प्रष्ट छ। स्पेशिफिकेशन बमोजिमको चिजबस्तु आपुर्तिकर्ताले आपुर्ति गरेको हो होईन८परीक्षण भई गुणस्तरयुक्त छ छैन८ भनि आवश्यक निरीक्षण परीक्षण गर्ने कार्य पनि सोही नगरपालिकाकाको जिम्मेवार राष्ट्रसेवक तथा पदाधिकारीहरुको अनिवार्य दायित्वको विषय हो। प्रतिवादीहरुले आ.व २०७५।०७६ मा खरिद भएको अदुवाको वीउ खरिदकै अवस्थामा भ्रष्टाचार गरेको भन्ने मिसिल संलग्न कागज प्रमाणबाट देखिन्छ। निज प्रतिवादीहरु उपर सरकारी रकम व्यापक अनियमितता गरी भ्रष्टाचार भएको भनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, पोखरामा मिति २०७७।०३।०५मा उजुरी दर्ता भएको र त्यसपछि अनुसन्धान कार्य शुरु भएको अवस्थामा विवादित अदुवाको वीउ आ.व.२०७५।०७६ मा खरिद गरी कृषकहरुलाई वितरण भई सकेको अवस्थामा परीक्षण गर्ने भन्ने प्रश्नै आउँदैन नकी प्रतिवादीहरुले सो कुरा पुष्टि गर्न श्रेस्तामा राख्नु पर्ने उनिहरुको दायित्व हुनेमा वादी पक्षले अदुवाको गुणस्तर (Seed standard) उल्लेख गर्न सकेको नदेखिएको,वादीले अदुवाको निरीक्षण वा परीक्षण गरेको पनि नदेखिएको भनि मुद्दाको असान्दर्भिक तथ्यलाई आधार लिई प्रतिवादीहरुलाई सफाई दिने गरी विशेष अदालतबाट भएको फैसलामा गम्भिर त्रुटि रहेकोले बदरभागी छ।<br>ख) मिति २०७६।०१।०९ मा गल्याङ नगरपालिका र स्पुक ट्रेडर्स प्रा.लि. बीच अदुवाको बीउ खरिद गर्न सम्झौता भएको, सम्झौता भएकै दिन मिति २०७६।०१।०९ मा स्पुक ट्रेडर्स प्रा.लि.ले ५९,५०० किलोग्राम अदुवाको बीउको भुक्तानिको लागि निवेदन दिएको, सोहि मितिमा उक्त अदुवाको बीउ स्टोर दाखिला गरी सोही मितिमा स्पुक ट्रेडर्स प्रा.लि.लाई रु.९८,१७,५००/- रकम भुक्तानी भएको, मिति २०७६।०१।१६ मा स्पुक ट्रेडर्स प्रा.लि.ले ६०,५०० किलोग्राम अदुवाको बीउको भुक्तानिको लागि निवेदन दिएको, मिति २०७६।०१।१९ मा उक्त अदुवाको बीउ स्टोर दाखिला गरि स्पुक ट्रेडर्स प्रा.लि.लाई रु. ९९,८२,५००/- रकम भुक्तानी भएको र मिति २०७६।०१।२३ गते थप १०,००० किलोग्राम स्पुक ट्रेडर्स प्रा.लि.बाट खरिद गर्न नगर प्रमुख भुपराज अधिकारीबाट भेरिएसन स्वीकृत भै मिति २०७६।०१।२६ मा स्पुक ट्रेडर्स प्रा.लि.ले १०,००० किलोग्राम अदुवाको बीउको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रमुख भुपराज अधिकारीले दररेट निर्धारण समितिको रु.१५५/- प्रति किलोग्राममा अदुवाको बीउको दररेट तय गर्ने गरी गरेको सिफारीसमा मनासिव कारण विना नै अस्वभाविक रुपमा रु.१०/- थप गरी प्रति किलोग्राम रु.१६५/-दररेट कायम गरी १,३०,००० किलोग्राम अदुवाको बीउको खरिद कार्य गरी नगरपालिकालाई<br>रु.१३,००,०००/- थप व्ययभार पारी आपुर्तिकर्ता स्पुक ट्रेडर्स प्रा.लि. तिनकुने, काठमाण्डौलाई गैर कानूनी लाभ र गल्याङ नगरपालिकालाई गैर कानूनी हानी पुऱ्याउने कार्य गरेको पुष्टि भएकोले निज प्रतिवादीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (घ) बमोजिम कसुर गरेको हुँदा गल्याङ नगरपालिकाका तत्कालीन नगर प्रमुख निज प्रतिवादी भुपराज अधिकारीलाई रु.१३,००,०००/- (अक्षरेपी तेह्र लाख) बिगो कायम गरी ऐ.ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो वमोजिम जरीवाना गरी विगो असूल उपर हुन मागदावी रहेको छ।<br>यसैगरी गुणस्तरहिन तथा स्पेशिफिकेशन अनुसार नभएको अदुवा विउ गानो खरिद एवं भुक्तानि प्रकृयामा संलग्न जिल्ला स्याङ्जा,गल्याङ नगरपालिकाका तत्कालीन नगर प्रमुख भुपराज अधिकारी, ऐ.का तत्कालीन प्रमुख प्रशासकीय अधिकृत ईश्वरी प्रसाद | मूल्यकोलागि रू.१०।-थप गरेको लाई अन्यथा भन्न सकिने नदेखिएको अवस्था हुँदा आरोपदावी पुष्टि हुन नसकेको। | भुक्तानिको लागि निवेदन दिएको, मिति २०७६।०३।१२ मा उक्त अदुवाको बीउ स्टोर दाखिला गरिएकोमा आपुर्ति भएको बस्तुको गुणस्तर परीक्षण नै नगरेको नभएको देखिदा खरिद सम्झौता विपरित भुक्तानी लिने दिने यी प्रतिवादीहरुले बदनियतपूर्वक कार्य गरी गल्याङ नगरपालिकालाई हानि र आपुर्तिकर्ता स्पुक ट्रेडर्स प्रा.लि. लाई गैरकानूनी लाभ पुऱ्याएको तथा सार्वजनिक कोषको समेत मितव्ययी प्रयोग नगरेको तथ्य<br>मिसिल संलग्न प्रमाणहरुबाट देखिएकले सो विवेचना नगरी प्रतिवादीहरुलाई सफाई दिई भएको फैसला त्रुटिपूर्ण भै बदरभागी छ।<br>ग) अर्थ मन्त्रालयको मिति २०७५।११।०७ को निर्णयानुसार आ.व २०७५।०७६ मा गल्याङ नगरपालिकालाई रु. २,७४,८०,०००/- (अक्षरेपी दुई करोड चौहत्तर लाख असी हजार रुपैया मात्र) विशेष अनुदान प्राप्त भएको, सो अनुदान रकमबाट अदुवा खेति कार्यक्रम संचालन गर्न रु. २ करोड रकम बराबरको अदुवाको बीउ खरिद गर्ने नगर प्रमुखबाट मिति २०७५।११।१९ मा निर्णय भएको देखिन्छ। अदुवाको बीउ गानो खरिद गर्न कालिमाटी तरकारी तथा फलफुल विकास समितिको मिति २०७५।११।१२ देखि मिति २०७५।११।२१ सम्मको दरलाई आधार मानि प्रमुख प्रशासकीय अधिकृतबाट अदुवाको बीउको दररेट प्रति किलोग्राम रु. १५५/- तय गर्न निर्णयको लागि नगर प्रमुख समक्ष सिफारिस गरेको तर नगर प्रमुखबाट प्रति किलोग्राम रु.१०/- थप गरी प्रति किलोग्राम रु.१६५/- दररेट तोकी बोलपत्र आव्हान गर्ने निर्णय भई मिति २०७५।११।२५ मा राजधानी दैनिकमा सुचना प्रकाशन गरी १,५०,००० किलोग्राम अदुवाको बीउ खरिद गर्न बोलपत्र आव्हान गरिएको र मिति २०७५।१२।१८ मा Bidding Document को Delivery and Price schedule मा उल्लेखित परिमाण १,२०,००० किलोग्राम हुनु पर्ने भनि संशोधन गरिएकोमा उपयुक्त आधार कारण विना बोलपत्रमा संसोधन समेत गरेको देखिन्छ। बोलपत्र पेश गर्ने अवधि भित्र स्पुक ट्रेडर्स प्रा.लि.को एकमात्र बोलपत्र परेको र बोलपत्रको मुल्याङ्कन पश्चात प्रति के.जी. रु.१६५/- का दरले १,२०,००० के.जी. अदुवाको बीउ गानो खरिद गर्न नगर प्रमुखबाट मिति २०७५।१२।२६ मा बोलपत्र स्वीकृत भएकोमा प्रति किलोग्राम रु.१०।- थप गर्ने गरी बोलपत्र आव्हान गर्ने तथा Bidding Document को Delivery and Price schedule मा उल्लेखित परिमाण १,२०,००० किलोग्राम हुनु पर्ने भनि संशोधन गर्ने गरी गरेको कार्यमा बदनियत रहेको प्रष्ट छ। यसै गरी मिति २०७६।०१।२३ गते थप १०,००० किलोग्राम स्पुक ट्रेडर्स प्रा.लि.बाट खरिद गर्न नगर प्रमुख भुपराज अधिकारीबाट भेरिएसन स्वीकृत भै मिति २०७६।०१।२६ मा स्पुक ट्रेडर्स प्रा.लि.ले १०,००० किलोग्राम अदुवाको बीउको भुक्तानिको लागि निवेदन दिएको, मिति २०७६।०३।१२ मा उक्त अदुवाको बीउ स्टोर दाखिला गरि स्पुक ट्रेडर्स प्रा.लि.लाई रु.१६,५०,०००/- रकम भुक्तानी भएको अवस्था समेतबाट यी प्रतिवादीहरुका वीच मिलेमतोमा सार्वजनिक खरिद ऐन नियमको विपरीत कार्य गरी गैरकानूनी लाभ वा हानि पुऱ्याउने कार्य गरेकोले भ्रष्टाचार जन्य कसूर भएको प्रष्ट भई रहेकोमा मिसिल संलग्न तथ्य प्रमाणहरुको न्यायोचित मूल्याङ्कन नगरी भएको फैसला त्रुटिपूर्ण रहेकोले बदरभागी छ। |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>पाण्डे, तत्कालीन बालिविकास अधिकृत अरविन्द मणि त्रिपाठी, तत्कालीन लेखापाल राजेन्द्र रेग्मी र तत्कालीन खरिदार सन्तोष कोइराला समेतले प्राविधिक स्पेसिफिकेशन वमोजिम दुरुस्त नभएको, स्पेशिफिकेशन अनुसारको अदुवा बीउ गानो आपुर्ति भएको हो, होईन, अदुवा विउमा राईजोम राट भन्ने रोग लागेको छ छैन< भन्ने स्पेशिफिकेशनमा उल्लेखित परीक्षण गर्नु पर्ने चिजबस्तुको परीक्षण नै नगरी गुणस्तरहिन अदुवाको बीउ गानो खरिद गरी भुक्तानिका लागि टिप्पणी आदेश पेश गरेको र पेश भएको टिप्पणी आदेश स्वीकृत गरी पटक पटक गरी जम्मा रु.२,१४,५०,०००/- भुक्तानी दिएको, उक्त भुक्तानी दिएको रकम रु.२,१४,५०,०००/- मा अग्रीम आय कर कट्टी भएको रकम रु.३,७९,५०१/- घटाई हुन आउने रकम रु.२,१०,७०,४९९/ मा नगरप्रमुखलाई मात्र कायम गरिएको विगो रु.१३,००,०००/ घटाउँदा हुन आउने रकम रु.१,९७,७०,४९९/- (अक्षरेपी एक करोड सन्तानव्वे लाख सत्तरी हजार चार सय उनान्सय रुपैयाँ मात्र) आपुर्तिकर्ता स्पुक ट्रेडर्स प्रा.लि., तिनकुने, काठमाण्डौलाई गैर कानूनी लाभ र गल्याङ नगरपालिकालाई गैर कानूनी हानी पुऱ्याउने वदनियतसाथ भुक्तानि गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को</td>
<td></td>
<td>घ) अदुवाको बीउ वितरण योजनासँग सम्बन्धित अदुवाको बीउको लागत अनुमान दररेट तय गर्ने क्रममा तत्कालीन समयको कालिमाटी तरकारी तथा फलफूल विकास समितिको तत्कालिन दरलाई आधार मानी रु.१५५/- प्रति किलोग्राम अदुवाको बीउको दररेट तय गर्ने निर्णयको लागि प्रमुख प्रशासकीय अधिकृतले नगर प्रमुख समक्ष सिफारिस गरेकोमा नगर प्रमुखबाट विना आधार आफ्नो अधिकार क्षेत्र भन्दा बाहिर गई प्रति किलोग्राम रु.१०/- थप गरी रु. १६५/- प्रति किलोग्राम दररेट तोकी बोलपत्र आव्हान गर्ने गरी भएको निर्णय नगर प्रमुख भुपराज अधिकारीले विना आधार आफ्नो अधिकार क्षेत्र भन्दा बाहिर गई हचुवाको भरमा रु. १०/- प्रति किलोग्राममा थप गरी रु.१६५/- प्रति किलोग्राममा खरिद गर्ने गरी गरेको निर्णयबाट कुल १,३०,००० किलोग्राम अदुवाको वीउ खरिद गर्दा नेपाल सरकारको अनुदान प्राप्त भएको गल्याङ नगरपालिकाको रकममा रु. १३,००,०००/- थप व्ययभार पर्न गएको देखिदा निज प्रतिवादी नगर प्रमुख भुपराज अधिकारीले बदनियतपूर्वक दररेट निर्धारण समितिको सिफारीस वेवुता गरी आफु स्वयंले मात्र मनोमानी ढंगले मूल्य थप गरी नगरपालिकालाई हानि नोक्सानि र स्पुक ट्रेडर्स प्रा.लि.समेतलाई गैरकानूनी लाभ पुऱ्याउने कार्य गरेको प्रष्ट छ। यसरी अदुवाको बीउ खरिद गर्ने क्रममा खायन अदुवा खरिद गर्न लागेको नभई गानो अदुवा नै खरिद गर्ने भनी खरिद प्रकृया अगाडि बढेको,गानो अदुवाको दररेट प्रतिकिलो रु.१५५।- कायम गरी दररेट समितिले दररेट कायम गरिरहेको अबस्थामा प्रतिवादीले खायन र गायन अदुवा भनी तथ्यको भ्रममा पारी अस्वभाविक दररेट कायम गरी रकम बढाई सम्झौता गरीएको कार्यलाई यी प्रतिवादीले वैधता दिन खोजेको प्रष्ट देखिन्छ।यसरी विभिन्न बहानामा सरकारी सम्पत्ति हानि नोक्सानी गर्ने बदनियतले अदुवाको वीउ खरिद गर्ने कार्य गरेको स्पष्ट हुँदाहुँदै मिसिल संलग्न तथ्यगत प्रमाणहरुलाई अनदेखा गरी नगर प्रमुख भुपराज अधिकारी समेतलाई आरोपित कसूरबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भै बदरभागी रहेको छ।<br>ङ) गल्याङ नगरपलिकाको अदुवा बीउ गानो (Rhizome) खरिद सम्वन्धी शिलबन्दी बोलपत्र आह्वानको मिति २०७५/११/२५ को सूचनामा स्वीकृत स्पेशिफिकेशन बमोजिमको अदुवा बीउ गानो खरिद गर्नुपर्ने र सो सूचनाको बुँदा नं. ८ मा बोलपत्र सम्वन्धी कागजातमा संलग्न गरिएको स्पेशिफिकेशन तथा अन्य व्यहोरा प्रष्ट रुपमा पढी सहिछाप गरि पेश गर्नुपर्ने भनि उल्लेख भएको र अदुवा बीउ गानो आपुर्ति गर्दा आपुर्तिकर्ता स्पुक ट्रेडर्स प्रा.लि. ले उल्लिखित प्रमाण कागजातहरु पेश गरेको देखिँदैन भने खरिदकर्ता गल्याङ नगरपलिकाले पनि उक्त स्पेशिफिकेशन अनुसारको अदुवा बीउ गानो आपुर्ति भएको हो होईन, रोग लागेको छ छैन भन्ने स्पेशिफिकेशनमा उल्लेखित शर्तहरु बमोजिमको परिक्षणनै नगरी निम्नानुसारको स्थिती र अवस्थामा आपूर्ति भएको अदुवा बीउ गानोलाई भुक्तानी दिएको देखिदा आपुर्तिकर्ता स्पुक ट्रेडर्स प्रा.लि. र खरिदकर्ता गल्याङ नगरपालिकाको अध्यक्ष एवं कर्मचारीहरुले बदनियतपूर्बक कार्य गरेको भन्ने निम्न विवरणहरुबाट समेत निर्विवाद रुपमा पुष्टि भईरहेको छ।<br><u>Technical Specifications र आपूर्ति भएको अदुवा बीउ गानोको स्थिती र अवस्था :</u>
<table>
<tr><td>क्र.स.</td><td>Technical Specifications</td><td>अदुवा बीउ गानोको जाँच</td><td>कैफियत</td></tr>
</table>
</td>
</tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>दफा ८ को उपदफा (१) को खण्ड (ञ) बमोजिम कसुर गरेको पुष्टी हुन आएकोले गल्याङ नगरपालिकाका तत्कालीन नगर प्रमुख भुपराज अधिकारी, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत ईश्वरी प्रसाद पाण्डे, तत्कालीन बालिविकास अधिकृत अरविन्द मणि त्रिपाठी, तत्कालीन लेखापाल राजेन्द्र रेग्मी र तत्कालीन खरिदार सन्तोष कोइराला समेतलाई रु.१,९७,७०,४९९/- (अक्षरेपी एक करोड सन्तानव्वे लाख सत्तरी हजार चार सय उनान्सय रुपैयाँ मात्र) बिगो कायम गरी ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरीवाना हुन साथै ऐ.ऐनको दफा ८ को उपदफा (१) बमोजिम निज प्रतिवादीहरु भुपराज अधिकारी, ईश्वरी प्रसाद पाण्डे, अरविन्द मणि त्रिपाठी, राजेन्द्र रेग्मी र सन्तोष कोइरालाबाट विगो रु.१,९७,७०,४९९/- (अक्षरेपी एक करोड सन्तानव्वे लाख सत्तरी हजार चार सय उनान्सय रुपैयाँ मात्र) असूल उपर गर्न मागदावी रहेको छ।</td>
<td></td>
<td>
<table>
<tr><td></td><td></td><td>परिक्षणको अवस्था</td><td></td></tr>
<tr><td>१</td><td>अदुवा बीउ गानो नेपालमा उत्पादित कपुरकोट अदुवा-१ जातको, कम नसा भएको, वा स्थानिय प्रचलित जात हुनु पर्छ ।</td><td>अदुवा बीउ गानोको जात नखुलेको ।</td><td></td></tr>
<tr><td>२</td><td>बीउ गानो जात अनुसार शुद्ध, चमकिलो, यसै बर्षको उत्पादन हुनु पर्छ ।</td><td>उत्पादन बर्ष नखुलेको ।</td><td></td></tr>
<tr><td>३</td><td>बेजात तथा माटो, ढुंगा, झारपात मिसिएको, नसा बढी भएको हुनु हुदैन ।</td><td>अवस्था नखुलेको ।</td><td></td></tr>
<tr><td>४</td><td>उम्रने क्षमता भएको हुनु पर्छ अर्थात कम्तिमा २० देखी ६० ग्रामको गानोमा २ वा सो भन्दा बढी आँख्ला हुनु पर्छ ।</td><td>अवस्था नखुलेको ।</td><td></td></tr>
<tr><td>५</td><td>बीउ गानोमा कुनै किसिमको रोग लागेको, कुहेको वा सड़े गलेको हुनु हुदैन ।</td><td>परिक्षण भएको नदेखिएको ।</td><td></td></tr>
<tr><td>६</td><td>अदुवा बीउ गानो लगाएको क्षेत्रमा राईजोम राट भन्ने रोग नलागेको प्रमाणित भएको यस न.पा.मा उपलब्ध गराउने अदुवा बीउ गानोमा राईजोम रट (RHIZOME ROT DISEASE OF GINGER) नभएको प्रमाणित हुनु पर्छ ।</td><td>रोग नलागेको प्रमाणित भएको नदेखिएको ।</td><td></td></tr>
<tr><td>७</td><td>बीउ गानो नेपाल सरकारको रेखदेखमा वा मान्यता प्राप्त संस्थाबाट उत्पादन भएको हुनु पर्छ ।</td><td>प्रमाण पेश भएको नदेखिएको ।</td><td></td></tr>
<tr><td>८</td><td>बीउ गानो श्रोत केन्द्र नेपाल सरकारको विषय विज्ञ बाट प्रमाणित हुनु पर्छ साथै सो श्रोत केन्द्र अदुवा बीउ गानो उत्पादनमा कम्तिमा ३ वर्षको कार्य अनुभव हुनु पर्छ ।</td><td>प्रमाणित नभएको ।</td><td></td></tr>
<tr><td>९</td><td>बीउ गानोको परिमाण कुन श्रोत बाट ल्याईएको हो स्पष्ट संग उल्लेखित हुनु पर्छ तथा सरकारी निकायको विषय विज्ञबाट प्रमाणित हुनु पर्छ ।</td><td>विषय विज्ञबाट प्रमाणित नभएको ।</td><td></td></tr>
</table>
यसरी गल्याङ नगरपालिकाले आपुर्तिकर्ताबाट Technical Specifications मा उल्लेख भएका शर्तहरु पुरागरेको आधारमा मात्र अदुवाको बीउ गानो स्वीकार गर्नु पर्नेमा उक्त दायित्व पुरा नगरी बिभिन्न मितिमा आपुर्तिकर्ताबाट प्राप्त अदुवाको बीउ गानो गुणस्तरीय भए नभएको परीक्षण नगरेको र आपुर्तिकर्ता स्पुक ट्रेडर्स प्रा.लि.ले गुणस्तरीय अदुवाको बीउ गानो आपुर्ति गरेको हो भन्ने नेपाल सरकारको श्रोत केन्द्रका विषय बिज्ञबाट प्रमाणित कागजात पेश नगरेको कारण
</td>
</tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | गुणस्तरीय एवं स्पेशिफिकेशन अनुसारको अदुवा बीउ गानो आपुर्ति नगरी अन्य अदुवा बीउ गानो आपुर्ति गरेको कुरा पुष्टी हुन आउँछ। गुणस्तरहिन तथा स्पेशिफिकेशन अनुसार नभएको अदुवा बीउ गानो आपुर्ति गरी स्पुक ट्रेडर्स प्रा.लि. तथा सो प्रा.लि.का अख्तियार प्राप्त प्रतिनिधि शिव प्रसाद न्यौपानेले भुक्तानी लिई गल्याङ नगरपालिकालाई हानी पुर्‍याउने बदनियतले काम गरेको देखिन्छ भने गुणस्तरहिन तथा स्पेशिफिकेशन अनुसार नभएको अदुवा बीउ गानोको लागि भुक्तानी प्रकृयाको निर्णयमा संलग्न रहेका खरिदार सन्तोष कोइराला, लेखापाल राजेन्द्र रेग्मी, बालिविकास अधिकृत अरविन्द मणि त्रिपाठी, प्रमुख प्रशासकीय अधिकृत ईश्वरी प्रसाद पाण्डे र नगर प्रमुख भुपराज अधिकारी समेतको मिलेमतो र संलग्नतामा गल्याङ नगरपालिकाबाट स्पुक ट्रेडर्स प्रा.लि.लाई भुक्तानि भएको रकम गैरकानूनी लाभ वा हानि पुर्‍याउने बदनियतले काम गरी भ्रष्टाचार गरेको स्पष्ट हुँदाहुदै मिसिल संलग्न तथ्य प्रमाणहरुको मूल्याङ्कन नगरी विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण देखिंदा बदरभागी छ।<br>च) प्रस्तुत मुद्दामा अनुसन्धानको क्रममा संकलन हुन आएका,अदुवा बीउ गानोका लागि स्वीकृत स्पेशिफिकेशन, उक्त नगरपालिकाबाट आ.व. २०७५।०७६ मा खरिद भएको अदुवाको बीउसंग सम्बन्धित खरिदका कागजातहरु समेतका प्रमाणहरुबाट दररेट निर्धारण समितिले अदुवा बीउ गानोको दररेट निर्धारण गर्दा तथा लागत अनुमान गर्दा नेपाल सरकारको कृषि डायरी,अदुवा खेती गर्ने कृषि फर्म र कालिमाटी फलफूल तथा तरकारी विकास समितिको दररेट को आधारमा अदुवा गानो वीउको दररेट  निर्धारणलाई आधार मानी तय गरिएकोमा नगर प्रमुख भुपराज अधिकारीले बिना आधार आफ्नो अधिकार क्षेत्र भन्दा बाहिर गई मनासिव कारण बिना नै दररेट अस्वभाविकरुपमा बढाई नगरपालिकालाई हानी पुर्‍याएको र गुणस्तरहिन तथा स्पेशिफिकेशन अनुसार नभएको अदुवा बीउ गानो आपूर्ती गरी गल्याङ नगरपालिकामा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुले आपुर्तिकर्ताबाट Technical Specifications मा उल्लेख भएका शर्तहरु पुरा नगरेको अदुवा बीउ स्वीकार गरी भुक्तानी दिई आपुर्तिकर्ता स्पुक ट्रेडर्स प्रा.लि.लाई गैर कानूनी लाभ र गल्याङ नगरपालिकालाई गैर कानूनी हानी पुर्‍याउने कार्य गरेको साथै गुणस्तरहिन तथा स्पेशिफिकेशन अनुसार नभएको अदुवा बीउ गानो आपूर्ती गर्ने स्पुक ट्रेडर्स प्रा.लि.ले नगरपालिकालाई हानी र आफू र कम्पनीलाई गैर कानूनी लाभ पुर्‍याउने कार्य गरी भ्रष्टाचार गरेको स्पष्ट हुदाहुँहै मिसिल संलग्न सबुद प्रमाणहरुको मूल्याङ्कन नगरी सबै प्रतिवादीहरुलाई आरोपदावीबाट सफाई दिने गरी विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण भै बदरभागी छ।<br>अतः माथि विवेचित आधार कारणहरुबाट प्रतिवादीहरु भुपराज अधिकारी, ईश्वरी प्रसाद पाण्डे, अरविन्द मणि त्रिपाठी, राजेन्द्र रेग्मी, सन्तोष कोइराला, स्पुक ट्रेडर्स प्रा.लि., तिनकुने, काठमाण्डौ र उक्त प्रा.लि.का अख्तियार प्राप्त प्रतिनिधि शिव प्रसाद न्यौपानेलाई  आरोप मागदावीबाट सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण देखिंदा उक्त फैसला बदर गरी निज प्रतिवादीहरु जिल्ला स्याङ्जा, गल्याङ नगरपालिकाका तत्कालीन  नगर प्रमुख भुपराज अधिकारी, ऐ.नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत ईश्वरी प्रसाद पाण्डे, तत्कालीन बालिविकास अधिकृत अरविन्द मणि त्रिपाठी, तत्कालीन लेखापाल राजेन्द्र रेग्मी , तत्कालीन खरिदार सन्तोष कोइराला, स्पुक ट्रेडर्स प्रा.लि., तिनकुने, काठमाण्डौ र उक्त प्रा.लि.का अख्तियार प्राप्त प्रतिनिधि शिव प्रसाद न्यौपानेलाई |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | आरोपदावी वमोजिम बिगो तथा कसूर कायम गरी सजाय गरी पाउन सम्मानित अदालत समक्ष सादर अनुरोध छ। |